# Risk Management Training

## Branch Manager

## Mangsir 24, 2076 Regional Office, Bhairahawa




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रिय कार्यालय भैरहवा, रुपन्देहीको आयोजनामा मिति २०७६ मंसीर २४ गते भैरहवामा **"Risk Mansgement Training for Branch Managers"** सम्पन्न गरिएको छ ।

उक्त तालिममा संस्थाका संचालक श्री टोपबहादुर रायमाझी, केन्द्रीय कार्यालयबाट सहायक महाप्रबन्धक श्री राज नारायण दास र मुख्य ब्यवस्थापक श्री गोकर्ण प्रसाद उपाध्याय तथा क्षेत्रीय कार्यालयबाट क्षेत्रीय प्रबन्धक श्री शम्भु न्यौपाने, कार्यक्रम अधिकृत श्री पुर्ण बहादुर खड्का र श्री प्रेम प्रसाद सुबेदीको उपस्थितिमा भैरहवा क्षेत्रीय कार्यालय अन्तर्गतका सबै शाखा कार्यालयहरुका शाखा प्रमुखहरुको सहभागिता रहेको थियो । तालिममा २१ जना सहभागी रहेका थिए ।

कार्यक्रममा कर्जा जोखिम ब्यवस्थापन, कर्मचारी मुल्याङ्कन प्रकृया, बचत बृद्धिका उपायहरु लगायत चालु आ.ब २०७६।०७७ को पहिलो त्रैमास सम्मको शाखागत लक्ष्य प्रगती बारेमा बृहत छलफल गरीएको थियो ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

उक्त कार्यक्रममा संचालक श्री टोप बहादुर रायमाझीज्युले आ.व २०७५।०७६ को लक्ष्य प्रगतीको आधारमा क्षेत्रीय कार्यालय भैरहवा अन्तर्गतका २१ वटा शाखा कार्यालयहरु मध्ये प्रथम हुन सफल शाखा कार्यालय धकधईलाई नगद रु. ५,०००। पुरस्कार तथा प्रमाणपत्र बितरण गर्नुभएको थियो ।



*क्षेत्रीय प्रबन्धक श्री शम्भु न्यौपाने कार्यक्रममा आफ्ना शब्द राख्दै ।*

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 